कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशु अस्पताल तथा पशु सेवा कार्यालय
रुकुम (पश्चिम भाग)

प.सं. २०८३/०८४
च.नं.

कार्यक्रम मागको लागि सूचीकृत निवेदन आह्वानको सूचना ।।।

<u>प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०७</u>

प्रस्तुत विषयमा यस पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम (पश्चिम भाग) को आ.व.२०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले यस कार्यालयमा सूचीकृतको लागि रुकुम पश्चिम जिल्लाका पशुपन्छी पालन व्यवसायमा संलग्न इच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/ उद्यमी/ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८३/०९/०७) भित्र तोकिएको ढाँचामा यस कार्यालयमा देहाय बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन आह्वान गरिन्छ। निवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो लगतै कार्यालय खुलेको पहिलो दिनलाई सूचनाको अन्तिम म्याद सम्झि निवेदन बुझाउन सकिनेछ। साथै कार्यक्रम सम्बन्धी थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०८८-५३००१० तथा कार्यालयको website https://rukumw.vethos.gov.np मार्फत जानकारी लिन सकिन्छ ।

<u>तपसिल</u>

क्र.स.	कार्यक्रमको नाम	बजेट रु	कैफियत
१	जिल्लास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम	१,५०,०००/-	कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ बमोजिम हुने।
२	उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम	१०,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
३	स्थानीय भैसी प्रवर्द्धन कार्यक्रम	४,९७,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
४	स्थानीय कुखुरा प्रवर्द्धन कार्यक्रम	३,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
५	स्थानीय बाख्रा प्रवर्द्धन कार्यक्रम	१०,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
६	भकारो सुधार तथा मलमुत्र व्यस्थापन कार्यक्रम	१०,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
७	मागको आधारमा पशुपन्छीपालनका लागि आवश्यक साना औजार उपकरणमा सहयोग	५,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
८	मत्स्यपालन प्रवर्द्धन कार्यक्रम	३,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
९	माग तथा व्यवसायिक परियोजनामा आधारित पशुपन्क्षी विकास कार्यक्रम	१०,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।
१०	प्राकृतिक कृषिको नमूना फर्म तथा प्रदर्शनी प्लट स्थापना कार्यक्रम	५,००,०००/-	कार्यविधि २०८३ बमोजिम हुने।

२०८३/०८/०७
निमित्त कार्यालय प्रमुख

"व्यवसायि र सृजनशिल प्रशासनःविकास समृद्धि र सुशासन"
फोन नं. ०८८-५३००१०
फ्याक्स नं. ०८८- ५३००१०
ईमेल ठेगानाः-Vetsecrukumw@gmail.com
Website:-rukumw.vethos.gov.np

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशु अस्पताल तथा पशु सेवा कार्यालय

रुकुम (पश्चिम भाग)

प.सं. २०८३/०८४

च.नं.

आवश्यक कागजातहरु:

१. कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ को अनुसूची -४ अनुसारको निवेदन र अनुसूची-५ अनुसारको प्रतिबद्धता पत्र तथा स्व: घोषणा पत्र।

२. उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको हकमा अनुसूची -१४ बमोजिमको आवेदन।

३. संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।

४. गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर छुट भएको भए सम्बन्धित निकायको पत्र र समूह सहकारीको हकमा गत आर्थिक वर्षको लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपि।

५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि र लिजमा लिएको भए कम्तिमा १० वर्ष जग्गा लिजमा लिएको प्रमाणपत्र।

६. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि।

७. किसान सूचीकरण नम्बर खुल्ने प्रमाण।

८. विगत दुई आ.व.मा सोही प्रकृतिको अनुदान नलिएको तथा अनुदानमा दोहोरोपन नहुने भन्ने समेत खुलाईएको सम्बन्धित स्थानीय तह वा पशु सेवा शाखाको सिफारिस पत्र।

९. समूह/सहकारी/समिति को हकमा निर्णयको प्रतिलिपि।

१०. निवेदन पेश गरेको व्यवसायको लागि विगत दुई आर्थिक वर्षमा सोही प्रकृतिको क्रियाकलापमा कुनै पनि सरकारी निकायबाट अनुदान नलिएको स्व: घोषणा पत्र।

११. जिल्लास्तरिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा समावेश हुन अनुसूची-२७ को न्यूनतम मापदण्ड पूरा गरी अनुसूची-२८ बमोजिम निवेदन।

१२. अनुदानग्राहीले आवेदन पेश गर्दा कार्यक्रम अनुसार रु १००/-(एक सय रुपैया) निवेदन दस्तुर कार्यालयको उल्लेखित राजस्व खाता बुझाएको बैंक भौचर।

- बैङ्कको नाम: नेपाल बैङ्क लि. रुकुम पश्चिम
- कार्यालयको नाम: पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम पश्चिम ।
- कार्यालयको कोड: ३१२०२५९०२६
- राजस्व खाता नं.२७५०२०००००१००१०००००१
- राजस्व शिर्षक नं. १४२२१

१३. अन्य छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

नोट: आवेदन पेश गर्न आवश्यक अनुसूची तथा फारमहरु र कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ यस कार्यालयको वेबसाईट तथा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ।

निमित्त कार्यालय प्रमुख